IT

# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

## (विगो नं. १७/३१, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला पाँचथर साविक रानीगाउँ गा.वि.स. वडा नं. २ हाल कुम्मायक गा.पा. वडा नं. ३ बस्ने ज्ञानेन्द्र लिम्बू प्रतिवादी जिल्ला पाँचथर साविक नागिन गा.वि.स. वडा नं. १ हाल फिदिम न.पा. वडा नं. ११ बस्ने चक्रबहादुर आङ्बो भएको मु.नं. ०७६-CP-००१३ को लेनदेन मुद्दामा पाँचथर जिल्ला अदालतको मिति २०७६/०९/०८ को फैसला बमोजिम लिखतमा उल्लेखित साँवा रकम रु. २,०५,०००/-, लिखतमा उल्लेख भएको मिति २०६६ साल माघ महिना देखि भरिभराउ मिति सम्मको कानून बमोजिम हुन आउने ब्याज रु. २,०५,०००/- तथा अदालतमा दाखिल गरेको अदालती शुल्क रु.९,४८०।- र पछि दाखिला गर्ने नपुग अदालती शुल्क रु.२२०।- समेत गरी जम्मा रु. ४,१९,७००।- को विगो रकम तपसिल बमोजिमको जग्गाबाट भराई पाऊँ भनी वादीको मिति २०७६/१०/२० मा दरखास्त परी प्रतिवादीको नाममा १५ दिने सूचना म्याद जारी गरिएकोमा सो म्याद मिति २०७६/११/०६ मा तामेल भएको निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनु परेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७८/०१/०८ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७८/०२/१९ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फिदिम न.पा. ११ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय पाँचथरमा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७८/०२/१९ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

<u>तपसिल:</u>

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | पञ्चकिर्ती मूल्य प्रतिरोपनीमा |
|---|---|---|---|---|---|---|---|
| १ | पाँचथर | नागिंन | १घ | ११० | ५-१३-३-२ | चक्रबहादुर आङ्बो | रु.५०,०००।- |
| २ | पाँचथर | नागिंन | १घ | १०६ | २-१२-१-२ | चक्रबहादुर आङ्बो | रु.५०,०००।- |
| ३ | पाँचथर | नागिंन | ५क | २७३ | २-०-१-० | चक्रबहादुर आङ्बो | रु.८०,०००।- |

ईति सम्वत २०७८ साल बैशाख महिना १२ गते रोज १ शुभम्-----------------------------------